# मिति २०७९/०७/६ गते आइतबार, १२८ औं कार्यपालिका बैठक

## प्रस्तावहरु:

१. प्रमुख प्रशासकीय अधिकृतज्यूको स्वागत सम्बन्धमा ।

२. चाडपर्वको शुभकामना सम्बन्धमा ।

३. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

४. लागत सहभागिता रकम फिर्ता सम्बन्धमा

५. IEE Report सम्बन्धमा ।

६. वहुवर्षीय ठेक्का आव्हान सम्बन्धमा ।

७. कृषि बिउ उत्पादन केन्द्र तोक्ने सम्बन्धमा ।

८. आर्थिक सहयोग सम्बन्धमा ।

   १. श्री सिद्धार्थ गौतमनगर टोल विकास संस्थालाई तिहारमा बजार सजावटका लागि ।

   २. हिन्दु स्वयं सेवक संघ नेपाल घोराही दाङ ।

   ३. शारिरिक सुगठन तथा फिटनेसका खेलाडीलाई आर्थिक सहयोग ।

   ४. वडा नं. ५ का आशिष वि.क.लाई औषधी उपचार खर्च ।

९. बजेट व्यवस्थापन सम्बन्धमा ।

   १. जिल्ला ट्राफिक कार्यालय परिसर भित्र रहेको भगवती मन्दिर वरीपरि रेलिङ निर्माणका लागि ।

   २. नेपाला ज्योतिष परिषद लुम्बिनी प्रदेश समितिका लागि १ सेट कम्प्युटर र प्रिन्टर ।

**निर्णय नं. १**

नेपालीहरुको महान पर्व शुभ दिपावली तिहार, नेपाल संवत् ११४३ तथा छठ पर्व २०७९ को सुखद उपलक्ष्यमा सम्पूर्ण नगरवासी आमा बुबा, दाजुभाइ, दिदी बहिनी लगायत स्वदेश तथा विदेशमा रहनुहुने नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो । साथै चाडबाँडलाई तडकभडक रहित तथा मर्यादित तरिकाले मनाउन समेत नगरवासीहरुमा अनुरोध गर्ने ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं. ३**

मिति २०७९।०६।१२ गते यस उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा हाजिर हुनुभएका नेपाल सरकारका उपसचिव (रा.प.द्धितीय श्रेणी) श्री भोजराज घिमिरेज्यूलाई स्वागत गर्नुका साथै उहाँको सफल कार्यकालको कामना गरियो ।

**निर्णय नं. ४**

४.१ घोराही १७ चौघेरा गेटदेखि दक्षिण बर्गदी हुँदै ढिकपुर सडक जोड्ने सडक कालोपत्रे निरन्तरता योजना आ.व. ०७७/०७८ मा टेण्डर भई भुक्तानी हुन बाँकी रहेकोमा भुलबस १७ नं. वडा कार्यालयबाट उक्त योजना सम्पन्न गर्न वडा कार्यालयबाट उपभोक्ता समिति गठन भई लागत सहभागिता वापतको रकम रु. ७५०००।- उपभोक्ता समितिबाट (मिति २०७८।०९।११ गतेको, रसिद नं. ६०३०६) यस कार्यालयको राजश्व खातामा जम्मा गरिएकोमा उक्त रकम फिर्ता गरिदिनुहुन भनि १७ नं. वडा कार्यालयको च.नं. ६२१९, मिति २०७९।०३।२४ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उक्त रकम रु. ७५,०००।– (पचहत्तर हजार) राजश्व व्यवस्थापन शाखाको सिफारिसमा उक्त उपभोक्ता समितिलाई घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शिर्षकबाट फिर्ता दिने ।

४.२ घोराही उपमहानगरपालिका वडा नं. १० जलौरा टोलमा सामुदायिक भवन निर्माणका लागि यस घोराही उपमहानगरपालिकाबाट आ.व. २०७८/०७९को वार्षिक योजना तथा बजेट कार्यक्रममा समावेश रहेको योजना निर्माणका लागि सम्झौता समेत भई लागत सहभागिता रकम रु. २००००।– (बीस हजार) उपभोक्ता समितिबाट (मिति २०७८।११।१२ गते, रसिद नं. ३२३००)घोराही उपमहानगरपालिकाको राजश्व खातामा जम्मा गरिसकेकोमा उक्त योजना विवादका कारण निर्माण स्थगित भएकोले उपभोक्ता समितिबाट लागत सहभागिता वापतको रकम फिर्ता गरिदिनुहुन भनि १० नं. वडा कार्यालयको च.नं. ६२१९, मिति २०७९।०३।२४ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उपभोक्ता समितिलाई लागत सहभागिता वापत बुझाएको रकम रु. २०,०००।– (बीस हजार) बजेट तथा राजश्व व्यवस्थापन शाखाबाट एकीन गरी घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने ।

४.३ घोराही उपमहानगरपालिका वडा नं. २ स्थित आ.व. २०७८/०७९को वडा स्तरीय योजना अन्तर्गत सितानगर कुलोमा बाँध निर्माणका लागि घोराही उपमहानगरपालिका र उपभोक्ता समिति विच सम्झौता भई लागत सहभागिता वापत बुझाउने पर्ने रकम उपभोक्ता समितिबाट यस कार्यालयको राजश्व शाखामा (मिति २०७८।११।०२ गते रसिद नं. ९२७६) रकम रु. १५,०००।– (पन्ध्र हजार) जम्मा गरेकोमा उक्त योजना विविध कारण गाउँलेको विरोधका कारण योजना सम्पन्न हुन नसकेको हुँदा उपभोक्ता समितिबाट जम्मा गरिएको लागत सहभागिता वापतको रकम रु. १५,०००।– (पन्ध्र हजार) बजेट तथा राजश्व व्यवस्थापन शाखाबाट एकिन गरी घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने ।

४.४ घोराही उपमहानगरपालिकाको दशौ नगर सभाबाट संशोधित बजेट अन्तर्गत वडा नं. १६ घोराही तुल्सीपुर सडकदेखि उत्तरतर्फ कविला रिसोर्ट हुँदै सेवार खोला जाने बाटो पिचको लागि आ.व. २०७८/०७९मा विनियोजन हुनुपर्ने रकम रु.७,००,०००।– (सात लाख) हुनुपर्नेमा भूलवस रु.१५,००,०००।– (पन्ध्र लाख) हुन गएकोमा उक्त योजनाको कार्यान्वयनको लागि आवश्यक लागत सहभागिता वापतको रकम रु. ३५,०००।– (पैतिस हजार) उपभोक्ता समितिबाट जम्मा हुनुपर्नेमा रु.७५,०००।– (पचहत्तर हजार)(रसिद नं. २६५६, मिति २०७८।११।२२ गते) यस उपमहानगरपालिकाको राजश्व खातामा जम्मा गरिएको हुँदा जम्मा गरिएको बढी रकम रु.४०,०००।– (चालिस हजार) उपभोक्ता समितिलाई फिर्ता गरिदिनुहुन भनि १६ नं. वडा कार्यालयको च.नं. १३००, मिति २०७९।०७।०६ गते को सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उक्त बढी हुन गएको रकम रु. ४०,०००।– (चालिस हजार) बजेट तथा राजश्व व्यवस्थापन शाखाबाट एकीन गरी घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिका अन्तर्गत आ.व. २०७९/०८०मा नदिजन्य पदार्थ(ढुंगा, गिट्टी बालुवा आदि) उत्खननका लागि शहरी विकास तथा पूर्वाधार विकास महाशाखाबाट पेश भएको IEE Report माथि छलफल गरियो ।

**निर्णय नं. ६**

६.१ घोराही उपमहानगरपालिकाको नगरसभाको एघारौं अधिवेशनबाट आ.व. २०७९/०८०मा संचालनका लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत घोराही उपमहानगरपालिका वडा नं. १२, १३ र १६ स्थित स्वास्थ्य चौकी पूर्वाधार निर्माणका लागि संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फ विनियोजित भएको रकम रु. २ करोड र घोराही उपमहानगरपालिकाबाट विनियोजित रकम रु. १ करोड गरी जम्मा ३ करोड विनियोजन भएकोमा पूर्वाधार निर्माणका लागि विनियोजित रकम भन्दा लागत अनुमान बढी हुन आएकोले उक्त योजनालाई आगामी आ.व. २०८०/०८१को बजेटबाट बाँकी रकम भुक्तानी हुने गरी वहुवर्षीय ठेक्का आह्वान गर्न स्वीकृति दिने ।

६.२ घोराही उपमहानगरपालिकाको नगरसभाको एघारौं अधिवेशनबाट आ.व. २०७९/०८०मा संचालनका लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत घोराही उपमहानगरपालिकाको भैसाही चोकदेखि वडा नं ४ को वडा कार्यालयसम्म सडक पिच (प्रदेश समपुरक) योजनाका लागि रकम रु.१,००,००,०००।– (एक करोड) विनियोजन भएकोमा उक्त योजनालाई सम्पन्न गर्न लाग्ने लागत अनुमान विनियोजित रकम भन्दा बढी हुने देखिएकोले उक्त योजनालाई आगामी आ.व. २०८०/०८१को बजेटबाट बाँकी रकम भुक्तानी हुने गरी बहुवर्षीय ठेक्का आह्वान गर्न स्वीकृति दिने ।

**निर्णय नं. ७**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र हरिहरभवनले उन्नत गहुँ बिउको स्रोत केन्द्र उन्नत विज वृद्धि कम्पनी प्रा.ली. चितवन र हिमाल सिड कम्पनी तिलोतमा रुपन्देही तोकी दिएकोमा उक्त स्थानबाट मात्र उन्नत विउ ल्याउदा स्थानीय सहकारी र कम्पनीहरुलाई आफुले उत्पादन गरेको उन्नत विउ बिक्रि वितरणमा समस्या आउने देखिएकोले यस घोराही उपमहानगरपालिकामा मन्त्रालयबाट तोकिएको स्थानबाट गत आ.व. ०७८/०७९मा मुल बिउ ल्याई यस उपमहानगरपालिका भित्रका सहकारी र कम्पनीहरुबाट उत्पादित गहुँ, धान र मकैको उन्नत बिउ उक्त सहकारी र कम्पनीहरुबाट खरिद गरी कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. ८**

८.१ घोराही उपमहानगरपालिका वडा नं. १४ र १५ अन्तर्गत रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान देखि उत्तर पिपलबोटसम्म र बुद्ध हस्पिटलसम्म शुभ दिपावलीको अवसरमा सडक सजावटका लागि श्री सिद्धार्थ गौतमनगर टोल विकास संस्थालाई रु. १,००,०००।–(एक लाख) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट सहयोग स्वरुप उपलब्ध गराउने ।

८.२ हिन्दु स्वयंसेवक संघ नेपाल घोराही दाङलाई प्राथमिक शिक्षा वर्ग कार्यक्रम संचालनका लागि सहयोग स्वरुप रकम रु. ५०,०००।–(पचास हजार) घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

८.३ पोखरामा हुन गइरहेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा दाङ जिल्लाबाट शारीरिक सुगठन तथा फिटनेस तर्फबाट भाग लिन जाने दुई जना खेलाडी पुरुषतर्फका मधु विक्रम थापा र महिला तर्फका उर्मिला बस्नेतलाई आर्थिक सहयोग स्वरुप प्रति खेलाडी रु. १०,०००।–(दश हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

८.४ घोराही उपमहानगरपालिका वडा नं. ५ निवासी सदर कुमार वि.क.को छोरा आशिष वि.क.को दाहिने हात भाचिएको हुँदा उहाँको आर्थिक अवस्था कमजोर भई उपचारका लागि सहयोग गरिदिनुहुन भनि ५ नं. वडा कार्यालयको च.नं. ५६७, मिति २०७९।०६।२७ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उहाँको उपचार खर्च स्वरुप रकम रु. १०,०००।–(दश हजार) घोराही उपमहानगरपालिकाको सामाजिक सुरक्षा शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ९**

९.१ जिल्ला ट्राफिक कार्यालय कार्यशाखा दाङ घोराहीको कार्यालय परिसरमा रहेको देवी भगवती मन्दिर वरीपरि स्टिल रेलिङ राख्नु पर्ने भएकोले उक्त रेलिङ निर्माणको लागि बजेट व्यवस्थापन गरिदिनुहुन भनि जिल्ला ट्राफिक कार्यालय दाङको च.नं. २७९ मिति २०७९।०६।२४ को पत्रबाट अनुरोध भई आएकोले उक्त रेलिङ निर्माणका लागि रकम रु. १,५०,०००।–(एक लाख पचास हजार) घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

९.२ नेपाल ज्योतिष परिषद लुम्बिनी प्रदेश समितिको दाङ स्थित प्रदेश कार्यालयलाई १(एक) सेट कम्प्युटर र प्रिन्टर घोराही उपमहानगरपालिकाको आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट खरिद गरी उपलब्ध गराउने ।